# लेखा व्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि, २०७९

## (जारी मिति : २०७९/०४/०५)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २८क तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को परिच्छेद ६ मा भएको लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न तथा ऐनको उद्देश्य पुरा गर्नको लागि समेत लेखाव्यवसायी फर्मका सम्बन्धमा स्पष्ट व्यवस्था गर्न उपयुक्त हुने देखिएकोले नेपाल चार्टर्ड एकाउन्टेन्टस ऐन, २०५३ को दफा ११(य) बमोजिम परिषदबाट "लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि, २०७९" जारी गरिएको छ ।

**खण्ड १**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि २०७९" रहेको छ ।

(ख) यो कार्यविधि परिषदले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,

(क) "संस्था" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई जनाउनेछ ।

(ख) "ऐन" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले "लेखाव्यवसायी संस्था (फर्म) सम्बन्धी कार्यविधि, २०७९" लाई जनाउँनेछ ।

(ङ) "परिषद" भन्नाले ऐनको दफा ७ बमोजिम गठित परिषद सम्झनु पर्दछ ।

(च) "कार्यकारी निर्देशक" भन्नाले ऐनको दफा २(च) बमोजिमको कार्यकारी निर्देशकलाई सम्झनु पर्दछ ।

(छ) "लेखाव्यवसायी संस्था वा फर्म" भन्नाले नियमावलीको नियम ५७(१) बमोजिम दर्ता भएको एकल वा साझेदारी फर्मलाई जनाउँनेछ ।

(ज) “सदस्य” भन्नाले ऐनको दफा २(छ)बमोजिमको व्यक्तिलाई सम्झनु पर्दछ ।

(झ) “एकल फर्म” भन्नाले एक जना मात्र व्यक्ति रही दर्ता भएको लेखाव्यवसायी संस्थालाई जनाउनेछ ।

(ञ) “साझेदारी फर्म” भन्नाले दुई वा दुईभन्दा वढी साझेदार रही दर्ता भएको लेखाव्यवसायी संस्थालाई जनाउँनेछ ।

(ट) “साझेदार” भन्नाले पेशागत प्रमाणपत्र प्राप्त सदस्यले लेखाव्यवसाय संचालन गर्नको लागि नियम ५७(१) बमोजिम दर्ता भएको साझेदारी फर्मको हिस्सेदार सम्झनु पर्दछ ।

(ठ) “निर्देशनालय” भन्नाले संस्थाको संस्थागत मामिला निर्देशनालयलाई जनाउँनेछ ।

(ड) “विदेशमा दर्ता भएको लेखाव्यवसायी संस्था” भन्नाले अन्तराष्ट्रिय लेखाव्यवसायी महासंघमा आवद्ध भएको ऐनको दफा २(ञ२) बमोजिमको विदेशी लेखाव्यवसायी संस्थामा दर्ता भएका लेखाव्यवसायी फर्मलाई जनाउनेछ । सो शब्दले स्वदेश तथा विदेशमा कानुन बमोजिम दर्ता भएका लेखा ब्यबसायी संस्थाहरु सदस्य रहने गरी लेखा ब्यबसायको विकास, संरक्षण र सम्बर्द्धन गर्न विदेशमा दर्ता भएका एलाएन्स, नेटवर्किङ्ग फर्म तथा फोरम अफ़ फर्म समेतलाई जनाउनेछ ।